नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

## प्रस्ताव आव्हानको सूचना
## प्रथम पटक प्रकाशित मिति २०८०/०९/१९

आर्थिक बर्ष २०८०/०८१ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएको सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० तथा सोहि कार्यविधिको अधिनमा रही नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका कृषि विकास शाखा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका,२०८०" बमोजिम उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क सं | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्ने सम्भावित साझेदार | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहकारी मार्फत कृषि उपज ढुवानीको लागि साधन सहयोग | १ | १०,००,०००/- | कृषि सहकारी | • आवेदक सम्बन्धित निकायमा दर्ता भई, कम्तीमा २ वर्ष पुरा भई कृषि क्षेत्रमा कार्यरत रहेको हुनुपर्नेछ।<br>• सवारी सञ्चालनको लागि ड्राइभर, इन्धन, नविकरण शुल्क, मर्मत संभार खर्च लगायतका अन्य सम्पूर्ण खर्च व्यहोर्ने प्रतिवद्धता।<br>• आवेदक वडा नं ३ को हुनुपर्नेछ। |
| २ | खेतीयोग्य जमिनमा (लुम्बा खेत क्षेत्र) सिंचाईको लागि डिप बोरिङ्ग स्थापना | १ | २०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/उपभोक्ता समिति/कृषि उद्यमी | • आवेदक अनिवार्य रुपमा नीलकण्ठ नगरपालिकाको कार्यालयमा दर्ता वा अभिलेखीकरण भएको हुनुपर्नेछ।<br>• आवेदक वडा नं ७ को हुनुपर्नेछ। |
| ३ | फलफूल प्रवर्द्धन कार्यक्रम | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | • आवेदकले कम्तीमा ३ रोपनीमा फलफूल खेती गरिरहेको हुनुपर्नेछ।<br>• यस कार्यक्रम सम्पूर्ण वडामा लागु हुनेछ। |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | फलफूल प्रवर्द्धन (ड्रागन) कार्यक्रम | १ | ५,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | • आवेदकले कम्तीमा ३ रोपनीमा फलफूल खेती गरिरहेको हुनुपर्नेछ। <br>• आवेदक वडा नं १२ को हुनुपर्नेछ। |
| ५ | फलफूल नर्सरी स्थापना/सुदृढीकरण कार्यक्रम | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | • आवेदक वडा नं १२ को हुनुपर्नेछ। <br>• आवेदक सँग कम्तीमा ३ रोपनी जग्गा भएको हुनुपर्नेछ। |
| ६ | तरकारी विकास कार्यक्रम | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी | • यस कार्यक्रम सम्पूर्ण वडामा लागु हुनेछ। <br>• आवेदकले कम्तीमा २ वटा ६•१२ मि को प्लाष्टिक घरमा तरकारी खेती गरिरहेको हुनुपर्नेछ। <br>• खुल्ला क्षेत्रमा भए आवेदकले कम्तीमा ३ रोपनीमा तरकारी खेती गरिरहेको हुनुपर्नेछ। |

**प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरुः**

१. अनुसूची २ अनुसारको आवेदन पत्र
२. अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना /अनुसूची -५ बमोजिमको प्रतिवद्धता पत्र/अनुसूची-७ बमोजिमको स्व-घोषणा पत्र,
३. सम्बन्धित व्यक्तिको नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि,
४. फर्म/संस्था दर्ता नवीकरण, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपि
५. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि,
६. सम्बन्धित वडाको सिफारिस-पत्र,
७. जग्गाको स्वामित्व देखिने प्रमाण पत्र वा भाडामा भए कम्तीमा ५ बर्षको करार सम्झौता पत्र,
८. अन्य आवश्यक कागजातहरु (तालिम, शैक्षिक योग्यता आदि )।

पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत